Website: darmamun.gov.np
Email: ito.darmamun@gmail.com

दार्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान

कर्णाली प्रदेश

प.सं. ०७८/०७८
च.नं. २४१४

मिति: २०७८/१/१४

श्री वडा कार्यालयहरु सबै,
श्री स्वास्थ्य संस्थाहरु सबै,
श्री सामुदायिक विद्यालयहरु सबै,
दार्मा गा.पा., सल्यान ।

विषय: नयाँ भेरिएन्ट सहितको कोभिड-१९ रोकथाम तथा व्यवस्थापन सम्वन्धमा ।

प्रस्तुत विषय सम्वन्धमा मिति २०७८/१/१० गतेको कार्यपालिका बैठकको निर्णय अनुसार नयाँ भेरिएन्ट सहितको कोभिड-१९ को रोकथाम तथा व्यवस्थापनको लागि देहाय वमोजिमका क्रियाकलाप अवलम्बन गर्न गराउनु हुन जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

१. कुनैपनि कार्यक्रम सञ्चालन गर्दा २५ जना भन्दा बढीको उपस्थित नगर्ने नगराउने,
२. सार्वजनिक स्थलहरुमा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने तथा सामाजिक तथा शारीरिक दुरीको नियम पालना गर्ने,
३. कार्यालय तथा कार्यालय परिसरमा सावुनपानीले हात धुने व्यवस्था मिलाउने र कार्यालय भित्र अनिवार्य रुपमा स्यानिटाईजरको व्यवस्था गर्ने,
४. विद्यालयहरुले परीक्षा सञ्चालन गर्दा न्यूनतम स्वास्थ्यका मापदण्ड पालना गरी सिफ्टमा सञ्चालन गर्ने,
५. शैक्षिक संस्थाहरु वन्द रहेको अवस्थामा सबै सामुदायिक विद्यालयहरुले शिक्षकहरुलाई निजहरुको स्थायी ठेगानाको गाउँ टोलमा ईन्डिया लगाएत तेस्रो मुलुकबाट तथा वाहिरी जिल्लाबाट आएका व्यक्ति तथा कोभिड-१९ सँग सम्वन्धी लक्षण देखिएका व्यक्तिहरुको विवरण नजिकको सम्वन्धित स्वास्थ्य संस्था तथा वडा कार्यालयहरुमा अनिवार्य रुपमा उपलव्ध गराउने तथा स्थानीय गाउँ समाजमा सचेतनामूलक सन्देशहरु प्रवाह गर्ने लगायतका गतिविधिहरु सञ्चालन गर्ने/गराउने ।

**बाधार्थ**

**सूचना प्रविधि शाखाः** सम्वन्धित कार्यालयहरुमा email गरी website मा समेत upload गर्नुहुन ।

..........................
अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत